ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 08.11.2025

- LD Kazi Gold Cup

मुख्यमन्त्री प्रेमसिंह तामाङ च्याखुङमा आयोजित अठारौं LD काजी स्मृति स्वर्ण कप प्रतियोगिताको फाइनलमा सहभागी बन्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले चाकुङवासीद्वारा वर्षौंदेखि देखाएको अटल विश्वास र समर्थनको निम्ति आभार व्यक्त गर्नुभयो। उहाँले यस क्षेत्रसित लामो समयदेखि जोड़िएको प्रेमको याद गर्नुभयो, जसलाई 1994-देखि 2009-सम्म च्याखुङवासीले चुनेका थिए। मुख्यमन्त्रीले आफ्नो नेतृत्वमा लगातार विश्वास राखेकोमा क्षेत्रवासीप्रति धन्यवाद व्यक्त गर्नुभयो। यस प्रतियोगिताको महत्त्वमाथि आफ्नो विचार राख्दै श्री तामाङले सिक्किमका पहिलो मुख्यमन्त्री स्वर्गीय LD काजीको सम्झनास्वरूप वर्ष 2008-देखि शुरू गरिएको यस प्रतियोगिताको सम्झना गर्नुभयो।

मुख्यमन्त्रीको विशेष उपस्थितिमा आज एलडी काजी स्मृति स्वर्णकप प्रतियोगिताको फाइनल खेल सम्पन्न भयो। फाइनल प्रतियोगितामा सिङलिङ स्पोर्टिङ क्लब च्याम्पियन बनेको छ। सिङलिङले याङथाङ युनाइटेडलाई एकको बिरुद्ध दुई गोलले परास्त गर्दै च्याम्पियन बनेको हो।

एलडी काजी स्वर्णकप प्रतियोगिताको अठारौं संस्करण गत तीस अक्टोबरदेखि आरम्भ भएको थियो।

स्मरण रहोस्, च्याखुङमा यो प्रतियोगिता वर्ष 2008-देखि मुख्यमन्त्री श्री

प्रेमसिंह तामाङ तत्कालीन समय च्याखुङका विधायक तथा राज्यका खेलकुद एवं युवा मामिला विभागका प्रभारी मन्त्री हुँदा आरम्भ भएको थियो। त्यसपछि काजी गोल्डकप भनेर यो फुटबल प्रतियोगिता प्रतिष्ठित टुर्नामेन्टको रूपमा परिचित हुन थालेको हो।

प्रतियोगिताका विजेता र उपविजेता दललाई दश लाख र पाँच लाख रुपियाँ सहित आकर्षण ट्रफी मुख्यमन्त्रीको बाहुलीद्वारा प्रदान गरियो।

--------------------------------------X--------------------------------------

- Chakung Run Marathon 2025

यसैक्रममा, LD Kazi स्मृति स्वर्ण कप आयोजक समितिको तत्वावधानमा आज दौड़को माध्यमबाट स्वास्थ्य, मित्रता र मनोरञ्जनको प्रवर्द्धन विषयमा सफलता पूर्व च्याखुङ रन म्याराथन २०२५ आयोजन गरियो।

महिला तथा पुरूष दुवै वर्गका निम्ति आयोजित एक्काइस किलोमिटर अर्ध म्याराथन, दश किलोमिटर खुल्ला दौड़ तथा पाँच किलोमिटरको Fun Run-मा सिक्किम तथा बाहिरका प्रतिभागीहरूले सहभागिता जनाए। प्रतियोगिताको सबै वर्गका उत्कृष्ट प्रतिभागीहरूलाई नगद पुरस्कार प्रदान गरियो।

--------------------------------------X--------------------------------------

- Tribeny Rai

सिक्किमकी प्रख्यात चलचित्र निर्माता त्रिवेणी राईको पहिलो नेपाली चलचित्र शेप अफ मोमोको भारतीय प्रिमियर कलकत्ता अन्तरराष्ट्रिय फिल्म महोत्सव (KIFF) २०२५-मा भारतीय भाषा फिल्म प्रतियोगिता श्रेणीमा हुनेछ।

यसै महिनाको छह तारिकबाट शुरू भएको अनि तेह्र तारिक समाप्त हुने महोत्सवअन्तर्गत आगामी दश नोभेम्बर सोमबार एक घण्टा चौध मिनट लामो यो चलचित्र कलकत्ताको नन्दनमा प्रदर्शन गरिनेछ।

यो चलचित्रले गोवामा आयोजित हुने प्रतिष्ठित भारतीय अन्तरराष्ट्रिय फिल्म महोत्सव (IFFI)-मा निर्देशकको सर्वश्रेष्ठ पहिलो फीचर फिल्मको Silver

Peacock Award-का लागि प्रतिस्पर्धा गर्नेछ। यसबारे खुशी व्यक्त गर्दै सुश्री राईले भन्नुभयो....

सुश्री राईलाई बीसदेखि अट्ठाइस नोभेम्बरसम्म गोवामा हुने फिल्म महोत्सवमा भारतीय फीचर फिल्मको सर्वश्रेष्ठ नवोदित निर्देशक प्रतियोगिता श्रेणीका लागि पनि मनोनित गरिएको छ।

------------------------------------X------------------------------------

- Bal Panchayat Meet

महिला, बाल, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभाग, पाकिम जिल्लाले आज बाल पञ्चायत भेला आयोजन गऱ्यो। यस जिल्लाको रोलेप लामातेन GPU-मा सम्पन्न कार्यक्रम ध्वजवाहक पहल छोरी बचाउँ छोरी पढाउँअन्तर्गत आयोजन गरिएको हो। पञ्चायती राज संस्थानको कार्यप्रणालीबारे विद्यार्थीहरूमाझ जागरूकता बढ़ाउनका साथै स्थानीय शासनमा उनीहरूको सहभागिता बढ़ाउने उद्देश्यले आयोजित कार्यक्रममा रोलेप वरिष्ठ माध्यमिक विद्यालयका विद्यार्थीहरू सहभागी बने।

कार्यक्रममा समावेश गरिएको अन्तरक्रियात्मक सत्रमा सहभागिता जनाउँदै विद्यार्थीहरूले शिक्षा, सर-सफाई तथा पर्यावरणीय स्वच्छता जस्ता मुद्दाबारे जानकारी लिए। उनीहरूले सामुदायिक विकासमा जागरूकता र उत्साह प्रदर्शन गर्दै विद्यालय तथा ग्रामीण सुविधा सुधारका लागि आफ्नो विचार र सुझाउ साझा गरे।

------------------------------------X------------------------------------

- CRM

भारत सरकारको स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयअन्तर्गत सत्रौं साझा समीक्षा अभियान (CRM)-बारे हिजो गान्तोकमा विस्तृत चर्चा भयो।

यस अभियानको अभ्यासको एक भागका रूपमा मन्त्रालयको टोलीले राष्ट्रिय स्वास्थ्य अभियानअन्तर्गत कार्यान्वित विभिन्न स्वास्थ्य कार्यक्रमहरूको

कार्यात्मक स्थितिको द्रुत मुल्याङ्कन गर्ने उद्देश्यले सिक्किमका मंगन र सोरेङ जिल्लाको भ्रमण गऱ्यो।

---------------------------------------X---------------------------------------

- Sports Contingent left for Odisha

सिक्किमको चारवटा अकलव्य आधुनिक आवासीय विद्यालय (EMRS)-का उननब्बे सदस्यीय खेलाड़ीहरूको एउटा टोली आज ओड़ीसाको रोरकिला प्रस्थान भयो। सिक्किम राज्यको प्रतिनिधित्व गर्दै ओड़िसा प्रस्थान भएको टोलीले आगामी एघारदेखि चौध नोभेम्बरसम्म सम्पन्न हुने चौथो राष्ट्रिय EMRS खेलकुद सम्मेलनमा भाग लिनेछ। राज्यको यस टोलीले पाल्जर स्टेडियम, रेसिथाङ खेल गाउँ अनि गाङग्याप र सुन्तले EMRS-मा सप्ताहव्यापी प्रशिक्षण शिविरबाट प्रशिक्षण लिइसकेको छ। सिक्किमे टोलीको ठिटा-ठिटी दुवै वर्गका खेलाड़ीले फुटबल, बास्केटबल, Athletics, बक्सिङ, चेस, टेबल टेनिस, योगा जस्ता प्रतियोगितामा भाग लिनेछन्।

---------------------------------------X---------------------------------------